कुनै पनि महिलाले दुई दिनको दूरीको यात्रा श्रीमान् वा महरम

अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, (उनी १२ वटा युद्धमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को साथमा थिए) उनले भने : मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट चारवटा कुरा सुनेको छु, जुन मलाई धेरै मन पर्छ, उहाँले भन्नुभएको छ : कुनै पनि महिलाले दुई दिनको दूरीको यात्रा श्रीमान् वा महरम (विवाह गर्न नमिल्ने पुरुष नातेदार) बिना गर्नु हुँदैन। त्यसैगरी, ईद-उल-फित्र र ईद-उल-अज्हाको दिन रोजा(उपवास) बस्न निषेध गरिएको छ। यसका साथै, फज्रको नमाजपछि सूर्योदय नभएसम्म र अस्रको नमाजपछि सूर्यास्त नभएसम्म कुनै पनि अतिरिक्त नमाज पढ्नु हुँदैन। धार्मिक यात्रा केवल
निम्न तीन मस्जिदहरूको लागि मात्र गर्न सकिन्छ: मस्जिद अल-हराम (मक्का), मस्जिद अल-अक्सा, र मेरो यो मस्जिद (मस्जिद अन-नबवी, मदिना)। [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले चारवटा कुरालाई निषेध गर्नुभएको छ: १) महिलालाई पति वा महरम बिना एक्लै दुई दिनको दुरीको यात्रा गर्न निषेध गरिएको छ । महरम भनेको त्यो आफन्त हो जो सँग विवाह गर्न सधैँको लागि निषेध गरिएको छ, जस्तै: छोरा, बुवा, भतिजा, भान्जा (बाहिनीको छोरा), काका, मामा, आदि । २) ईदुल-फित्र र ईदुल अजहाको दिन रोजा राख्न निषेध गरिएको छ, चाहे त्यो नज्र (भाकल) को रोजा होस्, स्वैच्छिक (नफ्लि) रोजा होस् वा कफ्फारह (प्रायश्चित) को रोजा होस् । ३) अस्रको नमाजपछि सूर्यास्तसम्म र फजरको नमाजपछि सूर्योदयसम्म स्वैच्छिक (नफिल) नमाज पढ्न निषेध गरिएको छ । ४) हदीसमा उल्लिखित तीन मस्जिदहरूबाहेक अन्य कुनै पनि स्थानमा विशेष पुण्य प्राप्त हुने वा नमाजको प्रतिफल मा वृद्धि हुने विश्वासका साथ यात्रा गर्नु निषेध गरिएको छ। तसर्थ, यी तीन मस्जिद बाहेक अन्य कुनै पनि ठाउँमा नमाज पढ्ने मनसायले यात्रा गर्न अनुमति छैन । किनकि नमाजको प्रतिफल मा वृद्धि हुने कुरा यी तीन मस्जिदहरूमा मात्र मान्य छ — मस्जिद अल-हराम, मस्जिदुन नबवी, र मस्जिद अल-अक्सा।

http://www.sunnah.global/hadeeth/ne/show/10603